# भिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भ्यागुते, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

गाउँ भिमरुक गाउँपालिका कार्यपालिकाको कार्यालय भ्यागुते, प्युठान लुम्बिनी प्रदेश, नेपाल

दोस्रो पटक प्रकाशित सुचना !!!

नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन र विक्री सम्वन्धी

सिलवन्दी दरभाउपत्र आव्हानको सूचना मिति -२०८२/०८/२५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को घ (६), लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०७८ को दफा ९ (१) को अनुसूची ६, ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र यस झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०७/३० गतेको निर्णय बमोजिम आ.व. २०८२/०८३ का लागि गाउँ कार्यपालिकाको निर्णय र झिमरुक गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लिखित परिमाणको ढुङ्गा, गिट्टी, वालुवा आदि नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा विक्री करहरुको असुली सम्बन्धी कार्य गर्नको लागि देहाय बमोजिम को ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमका सर्तहरुको अधिनमा रही दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | संकलन तथा उत्खनन क्षेत्र | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | बैंक जमानत रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| JRM/SQ/GOODS/07 /2082/083 | झिमरुक खोला चिसबांङ रातटारी क्षेत्र (१), झिमरुक खोला चिसबांङ रातटारी क्षेत्र (२), झिमरुक खोला गुडगुडे रह क्षेत्र (१) र झिमरुक खोला गुडगुडे रह क्षेत्र (२) ढुँगा, गिट्टी र बालुवा सङ्कलन तथा उत्खनन कार्य | 3180.10 | 673825.03 | 20000 | 1000 |

| खाताको नाम | बैंकको नाम | खाता न. |
|---|---|---|
| JHIMRUK GA.PA GA-1.1 ANTARIK RAJASWA KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000001202 |
| JHIMRUK GA.PA GA-3.1 ISTHANIYA TAHA DHARAUTI KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000136201 |

१. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, PAN VAT दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु, नागरिकताको प्रमाणपत्र र दरभाउपत्र फाराम दस्तुर रु १००० (पछि फिर्ता नहुने गरी) वुझाई उल्लिखित समयभित्र दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेभित्र खरिद गरी अनलाइन दर्ता गराई सक्नु पर्नेछ । सो समयभित्र अनलाइन दर्ता हुन आएका सिलवन्दी दरभाउपत्रहरु दर्ता गर्ने अन्तिम मितिका दिन दिनको १:०० बजेपछि सिलवन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो समयमा दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३. ठेक्काको स्वीकृत पश्चात तोकिएको समयभित्र सम्झौता हुनुपूर्व नै मू.अ.कर सहितको कबुल रकमको एकमुष्ट रकम वुझाएमा दश प्रतिशत छुट दिइने छ । सो नभए प्रथम किस्तामा मू.अ.कर सहित ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत मू.अ.कर सहित ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र वैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा १ वर्षसम्म म्याद सहित जारी गरीएको बैंक जमानत बुझाउनु पर्नेछ ।

४. सिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना पाएको मितिले ७ (सात) दिनभित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्ने छ। मनासिब कारण बाहेक सो अवधिभित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको सिलवन्दी दरभाउपत्रलाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिने छ ।

५. ठेक्का संचालनको सिलसिलामा संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकारलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनु पर्नेछ ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भ्यागुते, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

६. झिमरुक गाउँपालिकाको कार्यालयलाई रकम बुझाउनु पर्ने बाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुको सिलवन्दी दरभाउपत्र स्वीकृत गरिने छैन ।

७. ठेक्का सम्झौता अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट बैंक जमानत जफत गरिने छ ।

८. ठेक्का अवधि सम्झौता भएको मितिदेखि २०८३ साल आषाढ मसान्तसम्म हुनेछ । तर नदीजन्य सामग्रीको उत्खनन/संकलन अवधि ठेक्का सम्झौता भएको मितिबाट २०८३ जेष्ठ मसान्तसम्म मात्र हुनेछ ।

९. झिमरुक नदी र गर्तङ्ग खोलाबाट निकालिने निर्माण सामग्री निकाल्दा झिमरुक गाउँपालिकाको कार्यालयबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार निकाल्नु पर्ने छ ।

१०. नदीजन्य सामग्रीहरु उत्खनन÷संकलन गर्दा माथि उल्लिखित नदी तथा खोलाहरुबाट मात्र गर्न पाईने छ । साथै सो उत्खनन सम्बन्धी स्वीकृत (IEE) प्रतिवेदनको विस्तृत विवरण सिलवन्दी दरभाउपत्रसाथ उपलब्ध गराईने छ ।

११. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार झिमरुक गाउँपालिकाको कार्यालयमा निहित रहने छ ।

१२. सर्त राखी पेस गरेको, रित नपुगेको र म्याद नाघी आएका सिलवन्दी दरभाउपत्र माथि कारवाही हुने छैन ।

१३. जिल्ला अनुगमन तथा समन्वय समिति र झिमरुक गाउँपालिकाले अनुमगन गर्दा कानून तथा मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिने छ ।

१४. (IEE) प्रतिवेदनले तोकेको स्थानबाट तोकेको परिमाणमा मात्र उत्खनन र संकलन गर्न पाईनेछ । यसरी उत्खनन गरेको परिमाणको लगत प्रत्येक १/१ महिनामा यस कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ । तोकिएको परिमाणभन्दा घटी परिमाणमा निर्माण सामग्री उत्खनन÷संकलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन । यस सूचना वमोजिम सम्झौता भई ठेक्का चलान पूर्जी जारी गरिएपछि कुनै किसिमको मिनाहा वा छुट हुने छैन ।

१५. माथि उल्लिखित सर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ र ठेक्काका अन्य सर्तहरु स्थानीय सरकार संचालन ऐन, २०७४ सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा झिमरुक गाउँ कार्यपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन् ।

१६. अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा झिमरुक गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१७. बाकि अन्य कुरा बुझ्न चाहेमा सम्पर्क न.९८५७८३६००५, ९८४९६१२९४८ अथवा www.bolpatra.gov.np/egpo हेर्न सकिने छ ।

२०८२/०८/२८

बिकाश के.सी.
प्रमुख प्रशासकीय अधिकृत

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी